**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

# सूचना तथा प्रसारण विभाग

## (आ.व. २०७५/०७६ को लागि सूचीदर्ता आह्वानको सूचना)

(प्रथमप टक प्रकाशित मिति २०७५/०४/०२)

यस विभागमा आ.व. २०७५/०७६ का लागि निम्नानुसारका कार्यहरु गर्न गराउन देहायका योग्यता र आधार पूरा गरेका ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र योग्यताका आधार र प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिसहित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रयोजनको लागि सूची दर्ता गर्न यस विभागमा आफूले गर्न चाहेको कार्यको लागि छुट्टाछुट्टै निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । आवेदकलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहीत रहने छ ।

**<u>आवश्यक सेवा तथा कार्य:</u>**

१. स्टेशनरी सामानहरु आपूर्ति गर्ने कार्य ।
२. सवारी साधन (मोटर तथा मोटर साइकल) को पाटपूर्जा र सोको मर्मत र सम्भार कार्य ।
३. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्गसम्बन्धी सामान आपूर्ति कार्य ।
४. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, युपिएस, फोटोकपी मेशिन, इलेक्ट्रोनिक्स सामान (क्यामेरा लेन्स, टेलिफोन, प्रोजेक्टर, सोलार प्यानल, पंखा, हिटर, एयर कन्डिसन, जेनेरेटर, भ्याकुम क्लीनर आदि) आपूर्ति र मर्मत, सम्भार सम्बन्धी कार्य आदि ।
५. कर्मचारी कम्प्युटर प्रशिक्षण र भाषा प्रशिक्षणसम्बन्धी कार्य ।
६. छपाईसम्बन्धी कार्य ।
७. पिउने पानी आपूर्ति सम्बन्धी कार्य ।
८. विज्ञापन एजेन्सी सम्बन्धी कार्य ।
९. परामर्श सेवा सम्बन्धी ।
१०. पत्रकार आधारभूत तथा सेवाकालीन तालिम सम्बन्धी ।
११. सफ्टवेयर निर्माण सम्बन्धी ।
१२. भवन निर्माण तथा मर्मत सम्भार सम्बन्धी ।
१३. पत्रकारिता तालिम प्रशिक्षणको लागि प्रशिक्षक

**<u>योग्यताका आधारहरु</u>**

क) सम्बन्धित कार्य गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र र नियमानुसार नवीकरण भएको प्रमाणपत्र ।
ख) मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको प्रमाण ।
ग) सार्वजनिक खरिद ऐन, २०६३ को दफा, ६३ बमोजिमको कालो सूचीमा नपरेको व्यहोराको लिखित जानकारी ।
घ) आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।